# गौर नगरपालिका कार्यालय

रौतहट

दोस्रो पटक प्रकाशित मिति २०७३/०२/१७ गते

आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी सूचना ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भए बमोजिम यस नगरपालिका कार्यालयले विगत बर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार देहायका शिर्षकहरुमा कर उठाउन आ.व.२०७३/०७४ (एक बर्ष) को लागि ठेक्का बन्दोवस्त गर्नुपरेकोले मिति २०७३/०२/१७ गतेमा दोस्रो पटक प्रकाशित सुचना बमोजिम तपसिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र टिकट वापत रु.१०।- नगदै खाम भित्र राखि छुटाछुटै रीतपूर्वक गोप्य बोलपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र बिक्री हुने अन्तिम मिति २०७३/०२/ २४ गते ५ बजे सम्म ।
२. बोलपत्र फाराम दस्तुर रु ३००।- (तिन सय) फिर्ता नहुने गरी ।
३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०७३/०२/ २५ गते दिनको १२ बजे सम्म ।
४. बोलपत्र खोलिने मिति २०७३/०२/ २५ गते दिनको २:०० बजे ।
५. बोलपत्र दर्ता गर्ने र खोलिने स्थान गौर नगरपालिका कार्यालय, रौतहट ।
६. बोलपत्र दाताले कबुल गरेको अंकको नेपाली नागरिक भए ५% र बिदेशी भए १०% ले हुने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक गौरको च.हि.नं. ग ३-०१ मा जम्मा गरेको सक्कल बैक भौचर र नागरिकताको प्रमाण पत्रको फोटोकोपी बोलपत्र साथ खाम भित्र पेश गर्नु पर्ने छ ।
७. कबुल गरेको रकम एकमुष्ट बुझाएमा कबुल अंकको १०% ले हुने रकम छुट दिइनेछ, एकमुष्ट रकम बुझाउन नसक्नेलाई बोलपत्र स्वीकृत भए पश्चात ३ किस्तामा बुझाउने गरी किस्तावन्दी गर्न सकिने छ । जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापत नगद बुझाई दोस्रो र तेस्रो किस्ताकोहकमा "क" वर्गको बैक बाट गौर नगरपालिका कार्यालयको नाममा जारी भएको १ (एक) वर्ष म्याद भएको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ । किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन ।
८. नगरपालिकाको कुनै प्रकारको बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुको बोलपत्रमा भाग लिन पाउने छैन् ।
९. ठेक्का असुली दररेट यस कार्यालयको सुचना पाटीमा टाँस गरिनुको साथै बोलपत्र फारम साथै उपलब्ध गराईने छ ।
१०. नियमानुसार तिर्नु पर्ने करहरु ठेकेदारले स्वयं नै तिर्नु पर्ने छ ।
११. धरौटी रकम यस कार्यालयमा बुझाउनु पर्ने किस्तामा मिन्हा हुने छैन ।
१२. बोलपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकालाई रहने छ ।
१३. शिलवन्दी खाम माथि बोलपत्र दाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको शिर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ ।
१४. अन्तिम दिनमा बिदा पर्न गएमा अन्तिम मिति पछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ ।
१५. बोलपत्र, बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ तर निजहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
१६. कुनै प्रकारको शर्त राखीपेश भएका बोलपत्र तथा बेरीतपूर्ण वा म्यादनाघी प्राप्त हुन आएका बोलपत्र माथि कुनै कार्यबाही हुने छैन ।
१७. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित आर्थिक ऐन नियम अनुसार हुनेछ ।

तपशिल

| ठेक्का नं. | ठेक्का को नाम | आय शिर्षक | ०७२/०७३ को सकार रकम | आ.व.०७३/०७४ को लागि न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|---|
| १/राजश्व/०७२/०७३ | गौर बजार(राम जानकी मठ नजिक) | बिटौरी कर | ५१,१००।- | ५१,१००।- | |
| २/राजश्व/०७२/०७३ | गुदरी बजार(गौर न.पा.वडा नं.१) | बिटौरी कर | २,७२,०००।- | २,७२,०००।- | सार्वजनिक सडक/पेटीमा रहेको छैटी समेत |
| ३/राजश्व/०७२/०७३ | पटके सवारी कर | सवारी कर | ९,९८,०००।- | ९,९८,०००।- | |
| ६/राजश्व ०७२/०७३ | (होडिङ्ग बोर्ड ) ठेक्का बन्दोवस्त | विज्ञापन कर | २१,०००।- | २५,०००।- | आफ्नै जग्गा, भवन वा कार्यालयमा राखेको साइनबोर्ड बाहेक । |

०७३/२/१६